# बैठक १३
# २०७४ साल फाल्गुण ८

आज मिति २०७४ साल फाल्गुण ८ गते यस मुसिकोट नगर पालिकाका नगर प्रमूख श्री देविलाल गौतम ज्यूको अध्यक्षतामा बैठक बसी तपशिलमा उल्लेखित व्यक्तिहरुको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

**निर्णय नं. १**

यस मुसिकोट नगरपालिकाको आवधिक नगर सभा मिति २०७४ साल फाल्गुन २३ र २४ गते बस्ने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. २**

यस मुसिकोट नगरपालिका भित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुले कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थी हरुबाट परिक्षा शुल्क वापत उठाइने रकम यसै शैक्षिक शत्र देखी लागु हुने गरी रोक्ने र परिक्षा सञ्चालनमा लाग्ने आवश्यक रकम यस मुसिकोट नगरपालिका बाट व्यहोर्ने व्यहोरा सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ३**

मुसिकोट नगरपालिका को आधारभुत तह(कक्षा ८) परिक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७४ यस मुसिकोट नगर कार्य पालिकाले स्विकृत गर्ने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ४**

मुसिकोट नगपालिका वडा नं. १० को आ.व. २०७४/०७५ मा मुसिकोट नगरपालिका बाट कृषि क्षेत्रको स्याउ र कागती जस्ता फलफुलका बेर्ना खरिद गरि व्यावसायिक रुपमा खेती गर्न अनुदान रकम दिइएकोमा सोही अनुसार गर्न अनुमोदन गर्ने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ५**

मुसिकोट नगरपालिका वडा नं. १० लाई थप बजेट ५,०००००।-(पाँच लाख ) मध्ये बाट कामी बुढा विजयछुहरा स्मृति युवा कल्व खेलकुद मैदन निर्माण ५०,०००।- पचासहजार र बाँकी ४५०,०००।- रुपैयाबाट साउनेपानी कामी बुढा स्मृति पार्क हुँदै चुन्वाङ सढक निर्माण तथा वडा ले मिति २०७४ माघ १७ को निर्णयमा उल्लेख गरिअनुसार खर्च गर्न अनुमोदन गरियो ।

**निर्णय नं. ६**

मुसिकोट नगरपालिका बाट विपत व्यवस्थापनको शिर्षक बाट तपशिलमा उल्लेखित कामकाज गर्ने निर्णय गरियो ।

तपशिल

१- पितिबाङ तारजाली (मु.न.पा १२) रु २,१२,८३६/६०
२- टाउरी काट्ने पहिरो ( मु.न.पा ४) रु ३४९६०६/५३
३- बाहुन डाँडा (मु.न.पा. ६) रु २०३१४३/३०
४- सिलिगैं लाटो खोला पंधेरी (मु.न.पा ५) रु १४०४९३/७६
५- मुसिकोट र धौला पहिरा रु ७७६२४८/४८

**निर्णय नं. ७**

मुसिकोट नगपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री पदमबहादुर पुन शारिरीक अस्वस्थ भै उपचार गर्न आर्थिक कमजोरी भएको कारण निज वडा अध्यक्ष श्री पदम बहादुर पुन लाई विल भरपाईमा खर्च भए अनुसारको छानविन र हेरफेर गर्दा निजलाई रु ७३,३६७ ( त्रिहत्तर हजार तिन सय सतसठ्ठी) रुपैया आर्थिक सहयोग गर्ने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ८**

मुसिकोट नगरपालिका कार्यापालिकामा छलफल गर्दा रेडियो सानोभेरीले पेश गरेको कार्यक्रम प्रस्ताव अनुसार यस नगरपालिकाको आ.व. २०७४/०७५ बाट छुट्याइएको सुचना सञ्चार तर्फको शिर्षक बाट रु २,०००००।- (दुइ लाख) र सोहि शिर्षक बाट संकृतिक तथा पर्यटन विकास केन्द्र रुकुम (पश्चिम) लाई रु. १,५०,०००।- (एक लाख पचार हजार ) रुपैया पर्यटकिय स्थलहरुको जाकारीमुलक बुलेटनि प्रकाशन गर्न दिने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ९**

मुसिकोट नगरपालिकाको आवधिक अधिवेशन तयारीको लागि विकास समितिहरुले आ-आफ्ना जिम्माका कामहरु फाल्गुण १० गते देखि फाल्गुण २१ गते सम्म तयारी गरी सक्ने सर्व सम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. १०**

जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) सिनियर प्रहरी अधिकृत निवास भवनको छाना जिर्न भै छाना फेर्नुपर्ने भनि जिल्ला प्रहरी कार्यालयबाट मग भै आएकोमा सो भवनको इस्टिमेटमा जम्मा रकम रु ३५७९०९/५९ उल्लेख भएता पनि यस मुसिकोट नगरपालिका बाट रु २,५०,०००।-(दुई लाख पचास हजार) प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**निर्णय नं. ११**

यस मुसिकोट नगरपलिकामा पशु सेवाको स्विकृत कार्यक्रम बाट यस मुसिकोट नगरपालिका वाडा नं. ६ मा मुसिकोट नगरपालिका वडा नं. ५ का सुदर्शन मल्लले मुत्र बाट औषधी उत्पादन गर्न लोकल गाई पालन गर्दै आएको र गोठ व्यवस्थापन आर्थिक सहयोग गरिपाउँ भनि निवेदन माग अनुसार निज लाई रु १,०००००।- (एक लाख) प्रदान गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

**निर्णय नं. १२**

मुसिकोट नगरपालिका वडा नं. १ सल्लेमा रहेको देवी-दल गण को व्याडमिन्टन खेल्ने कोर्ड निर्णय गर्न रु १,५०,०००।- (एक लाख पचास हजार) प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो साथै प्राविधिक सहयोग मुसिकोट नगरपालिका बाट हुने निर्णय गरियो ।

मुसिकोट नगरपालिका वडा नं. २ मा रहेको सल्ले भुर्सुली सडक र वडा नं. ४ देखि ९ समको शितल पोखरी देखि चुनबाङ खण्ड सम्मको सडक मर्मत कार्य भएकोले उक्त सडकको प्राविधिक मुल्याकंन अनुसारको भुक्तननी दिने निर्णय गरीयो ।

**निर्णय नं. १०**

यस मुसिकोट नगरपालिकाको मुसिकोट नगरपालिका पदाधिकारीहरुको आचार संहता, २०७४ नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ नगर कार्यपालिका (

कार्यविभाजन) नियमावली २०७४ र मुसिकोट नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ हरुलाई पारीत गर्ने निर्णय गरीयो ।